नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
मंसीर/पौष २०७६ (December 2019) वर्ष २३/अङ्क २७३

## ख्रीष्टमसमा ख्रीष्टको आवश्यकता

- डीकन राज गुरूङ्

परमेश्वरले बनाउनुभएको बगैंचामा मानिस जातिलाई राख्नुभएको थियो । त्यस बगैंचाको हेरचाह र गोडमेल गर्ने जिम्मा आदमलाई दिनुभएको थियो (उत्पत्ति २:१५) । हव्वाले "त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए" (उत्पत्ति ३:६) । लोभ र आज्ञा उलङ्घनको कारण मानिस परमेश्वरको उपस्थितिबाट टाढा भयो र परमेश्वरको नजीक जान सकेन ।

मानिस जातिले परमेश्वरको विरुद्धमा काम गरेर पाप गरेका छन् । हरेक पाप कर्मको ज्याला मृत्यु हो (रोमी ६:२३) । आदमले परमेश्वरको विरुद्ध काम गरेको हुनाले सबै मानिस पनि परमेश्वर विरोधी भए, परमेश्वरको सत्यलाई विश्वास नगर्ने भए । मानिस परमेश्वरको नजीक पुग्न सकेका छैनन् र उहाँको दृष्टिमा कोही पनि धर्मी छैन (रोमी ३:२३) ।

यहूदी जातिहरू परमेश्वरलाई बिर्सेर विदेशी भूमिमा विदेशी देवी-देवता, संस्कृति, बोलीचाली, साथै व्यभिचार, मूर्तिपूजामा लिप्त भएका थिए । यस्ता घिणलाग्दा मार्गबाट फर्कनको लागि परमेश्वरको सन्देश बताउने जिम्मा यर्मियालाई दिनुभएको थियो । उक्त जोखिमपूर्ण जिम्माको काम पूरा गर्न र सबै गहिराइको भेद खोल्न चाहिने आवश्यक क्षमताको लागि परमेश्वर यर्मियालाई भन्नुहुन्छ, "मलाई पुकार्, र म तँलाई जवाफ दिनेछु, र तैंले नजानेका गहिरा र गुप्त कुराहरू म तँलाई बताउनेछु" (यर्मिया ३३:३) ।

हामी संसारको प्रभावमा छौं तर मण्डलीको असल गुण संसारमा पुग्नुपर्छ । परमेश्वरले मानव जीवनको तीन सत्य कुराहरू बताउन चाहनहुन्छ । "बाटो, सत्य र जीवन" येशू नै हुनुहुन्छ । येशू प्रभुले आफ्ना चेलाहरूलाई विशेष् समयमा विशेष् शिक्षा दिँदै भन्नुभयो, "साना बालक हो, केही बेरसम्म म तिमीहरूसँग छु ! तिमीहरुरूले मलाई खोज्नेछौ, र जसो मैले यहूदीहरूलाई भनें, अब तिमीहरूलाई पनि म भन्दछु, जहाँ म गइरहेछु, तिमीहरू आउन सक्दैनौ ।" तब पत्रुसले तुरुन्तै जवाफ दिन्छन्, "प्रभु, म किन अहिले नै तपाईलाई पछ्याउन सक्दिनँ? तपाईको निम्ति म आफ्नो प्राण दिनेछु" (यूहन्ना १३:३३, ३६) पत्रुसले के बोल्दैछु भन्ने कुरा नबुझिकन जवाफ दिएकोले येशूले भन्नुभयो, "मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन् । त्यसो नभए, के म तिमीहरूलाई भन्ने थिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु ? अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरु पनि हुनेछौ । जहाँ म गइरहेछु, तिमीहरू त्यहाँ जाने बाटो चिन्छौ" (यूहन्ना १४:२-४) । "बाटो म हुँ, सत्य म हुँ र जीवन म हुँ ।" येशू प्रभुले भन्नुभएका यी वाक्य मानव जीवन परिवर्तन गर्ने औजार हुन् । मत्ती रचित सुसमाचारको पुस्तकमा येशूले भन्नुभयो, "म अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ" (मत्ती २२:३२) । येशूले यो खण्ड पुरानो करारको पुस्तक प्रस्थान ३:६ बाट बोल्नुभएको थियो । अब यूहन्ना ८:५८ पदमा उहाँले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु ।" महान् आज्ञामा पनि उहाँले भन्नुभयो, "हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु ।" यसर्थ उहाँले स्वर्ग र पृथ्वीको सारा अधिकारमा यी कुरा भन्नुभयो ।

येशूले हाम्रो निम्ति अलग गरिदिनुभएको जीवनका यी साँचो; बाटो, सत्य र जीवन ख्रीष्टमा छ । उहाँले दिनुभएको यी सत्यमा आज हामी स्वतन्त्र भएका छौं । "तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ" (यहून्ना ८:३२) ।

**"येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६) ।**

### १. येशू नै बाटो हुनुहुन्छ:

येशू मात्र म बाटो हुँ भनी सत्य बोल्ने परमेश्वर हुनुहुन्छ । यस अघि कुनै धर्मशास्त्रमा पनि म बाटो हुँ भनेर कसैले ठोकुवा गर्न सकेको छैन । येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।" यस वचनमा हामी प्रष्ट बुझ्न सक्छौं कि बाटो येशू मात्र हुनुहुन्छ । सबै मानिसले पाप गरेका छन् र कोही पनि पितासम्म पुग्न सक्दैन भनी रोमीको पुस्तकले बताउँदछ । "अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२) । त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ (फिलिप्पी २: ९-१०) ।

### २. येशू नै सत्य हुनुहुन्छ:

तपाईंको धार्मिकता चिरस्थायी छ अनि तपाईंको व्यवस्था सत्य छ (भजनसंग्रह ११९:१४२) । परमेश्वरको वचन सत्य छ । "म संसारको ज्योति हुँ । मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ ।" ज्योतिले सत्यको प्रतिनिधित्व गर्दछ । प्रकाशद्वारा सृष्टिमा भएका सबै कुरा बुझ्छौं, थाहा पाउँछौं र त्यसको गहिराइसम्म पुग्न सक्छौं । त्यसैगरी येशू सत्य हुनुभएको कारण डाँडाको उपदेशमा येशू प्रभुले दोहोऱ्याएर व्यवस्था उद्धित गर्दै भन्नुभयो, "तर म तिमीहरूलाई भन्दछु, ..." (मत्ती ५:२२, २८, ३२, ३४, ३९, ४४) भन्ने सत्य शिक्षा यी धर्मशास्त्रको खण्डबाट सिकाउनुभयो । येशू सत्य हुनुभएकोले त्यही व्यवस्थाको सत्यतामा आफ्नो अधिकार सहित बोल्नुभयो । यसकारण उहाँले भन्नुभयो,

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरुजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| मंसीर २८<br>December 14 | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>राजु तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>शारोन रोंगोंग | पाष्टर<br>दफ्तन सादा | डीकनेस्<br>रीता अधिकारी | डीकन<br>पुरुषोत्तम न्यौपाने |
| पौष ५<br>December 21 | बाल संगति<br>दिवस | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>बाग मान तामाङ्ग | एल्डर<br>सीता गुरूङ्ग | सह-पाष्टर<br>रूबेन श्रेष्ठ | एल्डर<br>नभराज के.सी. | पाष्टर<br>दफ्तन सादा |
| पौष ०९<br>December 25 | खीष्ट जन्मोत्सव कार्यक्रम | | | | | | |
| पौष १२<br>December 28 | एल्डर<br>अर्जुन ढकाल | श्री<br>सरुष मान तामाङ्ग | डीकनेस्<br>रमा राई | एल्डर<br>गोपाल शर्मा | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>श्रीराम सुर्खेती | पाष्टर<br>रोल्याण्ड रोंगोंग |
| पौष १९<br>January 4, 2020 | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>दफ्तन सादा | श्री<br>सुकराम तामाङ्ग | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

"व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्भ । म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ" (मत्ती ५:१७) । यसर्थ उहाँ आफै सत्यको स्रोत हुनुहुन्छ । आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । येशू प्रभु सुरुदेखि नै हुनुहुन्छ र सत्यमा हुनुहुन्छ ।

३. **येशू नै जीवन हुनुहुन्छः**

"पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु । कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर म आफ्नै इच्छाले आफ्नो प्राण अर्पण गर्दछु । आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरि लिने अधिकार पनि मसित छ । यो आज्ञा मैले मेरा पिताबाट पाएको छु" (यूहन्ना १०:१७-१८) । उहाँ जीवन र मृत्युको अधिकार माथि बलवन्त हुनुहुन्छ । यसकारण उहाँ अधिकार सहित बोल्नुहुन्छ । "म जीवित भएको हुनाले, तिमीहरू पनि जीवित रहनेछौ" (यूहन्ना १४:१९) । येशू खीष्ट स्वतन्त्र हुनुहुन्छ, हामीलाई जीवनको अनन्ततासम्म र मृत्युको पापबाट स्वतन्त्र गर्नुहुन्छ ।

अन्त्यमा, त्यो पहिलो मानिसद्वारा परमेश्वरसँग टुटेको सम्बन्ध आज "समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो र उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो । व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्त गर्न सकौं ।" गलाती ४:४-५ । हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो (१ पत्रुस २:२४) । यसरी परमेश्वरसँग टुटेको सम्बन्ध फेरि जोड्न सारा मानिस जातिलाई उद्धार र मुक्तिको निम्ति येशू खीष्ट बालक रूपमा जन्मिनु भयो । बालक खीष्ट जन्मोत्सव वडा दिन सन् २०१९ मा सबै जनासँग खीष्टको प्रेम बाँड्दै र शुभकामना आदानप्रदान गर्दै खीष्ट जन्मको सन्देश सारा मानिसमा फैलाऔं ।

दिन, हप्ता, महिना र वर्ष बितेर जान्छ । मानिसमा नयाँ युग र सम्बन्ध जोडिँदै र छोडिँदै जान्छ तर येशूको कृपा, अनुग्रह र उद्धार कहिल्यै रित्तिँदैन, सकिँदैन, छोडिँदैन । सारा जगतको मानवका निम्ति आफ्नो उद्धारको काम पूरा गर्नुभयो र भन्नुभयो "मलाई पुकार्" । अब पालो हाम्रो हो, यदि हामीले अहिलेकै अवस्थामा उहाँलाई पुकार्‍यौं भने उहाँले हामीलाई बचाउन सक्नुहुन्छ । जसरी हामी मोबाइलमा कुनै नम्बर डाएल गर्छौं र उताबाट जवाफ पाउँछौं । त्यसैगरी आफ्नो धार्मिक, आत्मिक तथा भौतिक दरिद्रतामा मुक्तिको लागि खीष्ट येशू हाम्रो हृदयमा जन्मिनु आवश्यक छ । हाम्रो घरमा येशूलाई बोलाउन अति आवश्यक छ । जो हाम्रो जीवनको स्रोत हुनुहुन्छ । खीष्ट नै हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार हुनुहुन्छ । यसकारण खीष्ट नै सबै कुरा र सबै कुरामा हुनुहुन्छ ।

## हार्दिक शुभकामना

प्रभु येशू खीष्टको जन्मोत्सव (खीष्टमस) तथा नव वर्ष सन् २०२० को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, शाखा तथा आवद्ध मण्डलीहरू, देश विदेशमा हुनुभएका सम्पूर्ण मण्डली परिवार साथै सम्पूर्ण देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी



मंसीर १० गते/नोभेम्बर २६ तारिख मंगलबार नेइम जोरपाटी मण्डलीको सदस्य श्री राम कृष्ण महर्जन ८३ वर्षको उमेर प्रभुमा सुत्नुभयो ।

मंसीर ७ गते/नोभेम्बर २३ तारिख शनिबार नेइम शाखा मण्डली नेइम घोरथली, सिन्धुपाल्चोक मण्डलीको एल्डर पदम बहादुर तामाङ्गलाई पाष्टरमा साथै डीकन मेशक रजन मगरलाई एल्डर अभिषेक गरियो ।

कार्तिक ३० गते/नोभेम्बर १६ शनिबार नेइम गोंगबूँ मण्डलीमा ५ जना बालबालिकाहरूको बाल अर्पण गरियो ।

## डिसेम्बर महिनाको कार्यक्रम

मंसीर २२ गते/डिसेम्बर ८ तारिख आइतबार बिहान १०:०० बजे **नेइम परिषद्को बैठक** नेइम ज्ञानेश्वर मण्डलीमा ।

पौष १ गते/डिसेम्बर १७ तारिख मंगलबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नो ठाउँमा ।

पौष ९ गते/डिसेम्बर २५ तारिख बुधबार **खीष्टमस सेवा** आ-आफ्नै मण्डलीमा ।

पौष १५ गते/डिसेम्बर ३१ तारिख मंगलबार राति ९:३० बजे **आधा रातको प्रार्थना** आ-आफ्नै ठाउँमा ।

**शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली**

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| मंसीर २८<br>December 14 | डीकन<br>आनन्द न्यौपाने | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घलान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>चन्द्र मोक्तान |
| पौष ५<br>December 21 | पाष्टर<br>रोल्याण्ड रोंगोंग | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त आराधना सेवा - नेइम जोरपाटी चर्च | | | | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>बी.एन. पण्डित | डीकनेस्<br>पूर्ण पाखिन |
| पौष ०९<br>December 25 | खीष्ट जन्मोत्सव कार्यक्रम (आ-आफ्नो चर्चमा) | | | | | | | | |
| पौष १२<br>December 28 | डीकन<br>कृष्ण नगरकोटी | एल्डर<br>दानिएल सापकोटा | डीकन<br>मोहन श्रेष्ठ | डीकन<br>सुनील मुनिकार | डीकन<br>कृष्ण तामाङ्ग | डीकन<br>भक्ति लामा | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>राजु श्रेष्ठ | डीकन<br>डिल्ली बहादुर राई |
| पौष १९<br>January 4 | डीकन<br>भुवन देवकोटा | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घलान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | पाष्टर<br>बर्णबास श्रेष्ठ | पाष्टर<br>कर्ण तामाङ्ग | संयुक्त सेवा<br>धापासी चर्च |

## हार्दिक बधाई



असोज २७ गते/अक्टोबर १४ तारिख सोमबार नेइम जोरपाटी मण्डलीकी सदस्य सुश्री **स्टेला श्रेष्ठ** र नेइम गोंगबूँ मण्डलीको सदस्य श्री **दिपक बि.क.**को नेइम जोरपाटी मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **दिपक** र **स्टेला बि.क.**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ४ गते/नोभेम्बर २० तारिख बुधबार नेइम गोंगबूँ मण्डलीकी सदस्य सुश्री **रेसिका तामाङ्ग** र कोइनोनियाँ सामदान चर्च, हेटौंडाको सदस्य श्री **देव वाइबा**को नेइम धापासी मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **देव** र **रेसिका वाइबा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ५ गते/नोभेम्बर २१ तारिख बिहीबार नेइम गुरुजुधारा मण्डलीको सदस्य श्री **रञ्जित मगर** र विजय मण्डली धरानकी सदस्य सुश्री **रोजिना मगर**को विजय मण्डली धरानमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **रञ्जित** र **रोजिना मगर**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ११ गते/नोभेम्बर २७ तारिख बुधबार नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य सुश्री **रञ्जना परियार** र इम्मानुएल बाइबल चर्च चितवनको सदस्य श्री **अमृत परियार**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अमृत** र **रञ्जना परियार**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ११ गते/नोभेम्बर २७ तारिख बुधबार नेइम जोरपाटी मण्डलीको सदस्यहरू श्री **बिकी बहादर (जोएल) सुनुवार** र सुश्री **बिमला सापकोटा**को नेइम जोरपाटी मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **बिकी बहादुर (जोएल)** र **बिमला सुनुवार**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर १५ गते/डिसेम्बर १ तारिख आइतबार नेइम जोरपाटी मण्डलीको सदस्य सुश्री **कृपा राई** र बेथानी ब्याप्टिस मण्डली बुटवलको श्री **भिम बहादुर पुन**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **भिम बहादुर** र **कृपा पुन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २२ 8<br>मण्डलीका सबै सेवक/ सेविकाहरू आफ्नो सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | २९ 15<br>देशको वर्तमान परिस्थितिको लागि प्रार्थना गरौं ।<br>१ तिमोथी २:१-४ | ६ 22<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गरिरहन सकून् ।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | १३ 29<br>नेइमअन्तर्गत विभिन्न शाखा आवद्ध मण्डलीहरूमा वचनको भोक तिर्खा बढेर गएको होस् ।<br>भजनसंग्रह १०७:९ |
| **सोमबार**<br>Monday | २३ 9<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं साथै सबै परिस्थितिमा स्थिर रहनको लाथि प्रार्थना गरिदिऔं ।<br>रोमी १२:२, हिब्रू १२:१-३ | ३० 16<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | ७ 23<br>नेपाली इसाई मण्डलीमा दिइराख्नु-भएको मण्डली साथै संगतिहरू प्रभुमा बढ्दै, फैलँदै र बलियो हुँदै जान सकून् ।<br>यशैया ५४:२-४ | १४ 30<br>यो वर्षभरिका सबै आशिष्हरूको निम्ति सबै आदर, भक्ति महिमा परमप्रभु परमेश्वरलाई नै चढाऔं ।<br>भजनसंग्रह १०५:१-१५ |
| **मंगलबार**<br>Tuesday | २४ 10<br>परमेश्वरको इच्छाअनुसार हामी दिन प्रतिदिन पवित्र आत्माको सहायतामा प्रभुमा बढ्दै जान सकौं ।<br>कलस्सी ३:१-४ | १ पौष 17<br>विभिन्न देशहरूमा पढाइ, रोजगार साथै अन्य काम विशेषले जानुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | ८ 24<br>सारा संसारका मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>लूका २:८-११, यूहन्ना १४:६ | १५ 31<br>आउँदो वर्षभरि आशिषित् भएर जिउनको लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>व्यवस्था ११:८-१२ |
| **बुधबार**<br>Wednesday | २५ 11<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिंदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | २ 18<br>वचनप्रतिको भोक तिर्खा हामी सबैमा अझ बढेर गएको होस् ।<br>भजनसंग्रह ११९:१४-१६, मत्ती ५:६ | ९ 25<br>सारा संसारका मण्डलीहरू साथै मानिसहरूले ख्रीष्टमसको सही अर्थ बुझेर यो उत्सव मनाउन सकून् ।<br>रोमी १४:१७-१८ | १६ January 1<br>यो वर्षभरि देश, मण्डली, परिवार र व्यक्तिगत जीवनको निम्ति परमेश्वरले राखिदिनुभएको प्रशस्त आशिषहरूको निम्ति धन्यवाद चढाऔं ।<br>१ कोरिन्थी २:९ |
| **बिहीबार**<br>Thursday | २६ 12<br>मण्डलीका सबै जवान साथै बाल बालिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:९ | ३ 19<br>देशको प्रतिकुल परिस्थितिमा स्थिर रही परमेश्वरको वचनअनुसार विश्वासमा अनुकुल परिस्थितिको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-१३ | १० 26<br>ख्रीष्टमसको अवसरमा विभिन्न माध्यमद्वारा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।<br>लूका २:९-१४ | १७ 2<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकोस् ।<br>फिलिप्पी २:१-५ |
| **शुक्रबार**<br>Friday | २७ 13<br>वचनअनुसारको जीवन जिउनको लागि पवित्र आत्माको सहायताको लागि प्रार्थना गरौं ।<br>याकूब १:१८-२२ | ४ 20<br>देशभरका मण्डलीहरूमा हुने सेवा संगतिहरूको लागि प्रार्थना गरौं ।<br>हिब्रू १०:२३-२५ | ११ 27<br>बाल संगतिका सबै बाल बालिकाहरू साथै शिक्षक/ शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं<br>हितोपदेश २२:६, १ कोरिन्थी १५:५८ | १८ 3<br>यो वर्ष अझ धेरै मानिसहरू सुसमाचार, आश्चर्यकर्म साथै साक्षीद्वारा परमेश्वरको राज्यमा आउन सकून् ।<br>यूहन्ना १०:१६ |
| **शनिबार**<br>Saturday | २८ 14<br>आजको आराधना सेवाबाट परमेश्वरलाई नै महिमा भएको होस् । यसैले वचन प्रचार, स्तुति प्रशंसामा पवित्र आत्माको अभिषेक मागिदिऔं ।<br>२ कोरिन्थी ३:४-६ | ५ 21<br>आजको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>प्रेरित २:४२-४७ | १२ 28<br>आजको आराधना सेवामा सेवा संचालन, वचन प्रचार, स्तुति प्रशंसा अगुवाई गर्ने सबै जनाको लागि पवित्र आत्माको अभिषेक मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | १९ 4<br>आज नेपालभरि हुने सेवा संगतिमा पवित्र आत्माको उपस्थिति हरेकले थाहा गर्न सकून् र उहाँको नाउँ महिमित भएको होस् ।<br>हितोपदेश ८:३४-३५ |

**अन्धकारमा हिँड्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन् ।**
**मृत्युको छायाँको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ ।** (यशैया ९:२)

**तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ"** (लूका २:१०-११) ।